## सर्वोच्च अदालत, संवैधानिक इजलास

सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्की

माननीय न्यायाधीश श्री ईश्वर प्रसाद खतिवडा

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

### आदेश

०७९-WC-००११

विषयः उत्प्रेषण समेत।

काठमाडौं जिल्ला नागार्जुन नगरपालिका वडा नं. ४ बस्ने अधिवक्ता अमृत खरेलको वारेस भई आफ्नो हकमा समेत ताप्लेजुङ जिल्ला, हाङपाङ गा.वि.स. वडा नं. २ जन्मस्थान भई हाल झापा जिल्ला, बाह्रदशी गाउँपालिका वडा नं. ४ बस्ने इन्द्रबहादुर बानिया..........................................................................................१ निवेदक

विरूद्ध

सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, काठमाडौं ......१

नेपाल सरकार, मन्त्रिपरिषद, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ...........१

नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौं ................................................१ प्रत्यर्थी

नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ..............................................१

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से), भद्रकाली, काठमाडौं.........................१

नेपालको संविधानको धारा १३३ र १३७ बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत संवैधानिक दायरीमा दर्ता भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छ।

#### तथ्यगत व्यहोराः

१. धितोपत्र बजार सञ्चालन (दोश्रो संशोधन) नियमावली, २०७९ तथा धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी)(चौथो संशोधन) नियमावली, २०७९ मिति



CamScanner

यस अदालतको आदेशः

११. नियम बमोजिम पेशी सूची चढी पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक विद्वान अधिवक्ता श्री अमृत खरेल तथा निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र भण्डरी र विद्वान अधिवक्ता श्री सरोजकृष्ण घिमिरेले नयाँ धितोपत्र बजार र थप धितोपत्र दलाल र व्यापारीको अनुमतिपत्रको व्यवस्था गर्न धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ र धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ मा व्यापक संशोधन भएको छ; उक्त संशोधनहरुले अर्थ समितिको प्रतिवेदनको सिफारिस र निर्देशनलाई वेवास्ता गरेको छ; प्रतिनिधि सभा निर्वाचनको संघारमा संवेदनशील विषयमा संशोधन गरिनु निर्वाचन आचार संहिता विपरीत हुनुका साथै सङ्कास्पद समेत रहेको छ; धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ मा भएको चौथो संशोधन भएको २ दिनको अन्तरालमा पाँचौ संशोधन गरिनुको औचित्य पुष्टि हुन सकेको छैन; नियमावलीहरुमा भएको संशोधित व्यवस्था अनुसार धितोपत्र बजारको चुक्ता पुँजी कम्तीमा ३ अर्ब रुपैयाँ हुनु पर्ने तर नेप्सेलाई सो अनिवार्य नहुने; नयाँ धितोपत्र बजारले २ वर्ष भित्र जारी पुँजीको ३०% प्रारम्भिक सार्वजनिक निष्कासन गर्नु पर्ने; सो व्यवस्था नेप्सेलाई लागू नहुने; प्राइभेट कम्पनीले धितोपत्र बजारको शेयर ग्रहण गर्न सक्ने; विदेशमा धितोपत्र बजारको कारोबार प्रणालीको डाटा सर्भर राख्न पाइने जस्ता व्यवस्था भएको छ; धितोपत्र बजारमा एउटै निजी कम्पनीलाई १५% स्वामित्व दिँदा एउटै व्यापारिक समूहको धितोपत्र बजारमा नियन्त्रण रहन्छ; एउटै कम्पनी दुईवटा बजारमा दोहोरो सूचीकृत हुँदा फरक-फरक मूल्य कायम हुन गई बजारमा Arbitrage को अवस्था आउन सक्छ; विना परीक्षा धितोपत्र दलाल र व्यापारीको अनुमतिपत्र दिने व्यवस्था राख्नु उचित हुँदैन; नेपालमा रहेका जम्मा २०० हाराहारीका कम्पनी सूचीकृत गर्न अर्को छुट्टै स्टक एक्सचेन्ज आवश्यक छैन; नेप्सेमा सरकार, राष्ट्र बैंक आदिको स्वामित्व हुँदा लगानीकर्ताको विश्वास रहेको छ जुन निजी एक्सचेन्जमा हुँदैन; एउटामा सूचीकृत भइसकेको कम्पनीलाई अर्कोमा पनि सूचीकृत हुनुपर्छ भन्नु भनेको नेप्सेमा भएको सूचीकरणलाई समाप्त पार्नु हो; नियमावलीको संशोधित व्यवस्थाहरु नेपालको संविधानले प्रदान गरेको सम्पत्तिको हक, समानताको हक, सूचनाको हक लगायतका हकसँग तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ र कम्पनी ऐन, २०६३ का प्रावधानसँग बाझिएकोले नियमावलीका विवादित व्यवस्थाहरु अमान्य र बदर गरी विवादित व्यवस्था बमोजिम गरिएका नयाँ धितोपत्र बजार स्थापना, नयाँ धितोपत्र व्यवसायीको

CamScanner

अनुमतिपत्रको लागि आवेदन दिने सम्बन्धी सूचना, तथा अन्य काम कारवाहीसमेत रोकी बदर गरी पाउँ भनी गर्नु भएको बहस जिकिर सुनियो।

१२. प्रस्तुत निवेदनमा सामेल हुन पाउँ भनी प्रत्यर्थी नेपाल धितोपत्र बोर्डको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री सुशिल कुमार पन्त, श्री सुरेन्द्र बहादुर थापा र श्री सुनिल कुमार पोखरेलले समान विषयमा यसै अदालतको संयुक्त इजलासमा मुद्दा विचाराधिन छ; सो मुद्दामा अल्पकालीन अन्तरिम आदेश जारी भई नेपाल धितोपत्र बोर्डको मिति २०७९।६।२ को सूचना बमोजिमका नयाँ धितोपत्र बजार स्थापना धितोपत्र दलाल र धितोपत्र व्यापारीको अनुमतिपत्र दिने लगायतका कार्य रोकिएको अवस्था छ; सो मुद्दामा अल्पकालीन अन्तरिम आदेश कायम रहि नरहने देखेर नयाँ मुद्दा दायर भएको हो; बैंक, बीमा आदीमा निजी स्वामित्व हुन हुने तर स्टक एक्सचेन्जमा निजी स्वामित्व हुन नहुने भन्ने तर्क उचित होइन; प्रस्तुत विषय नेपालको संविधानको धारा १३३ र १३७ को परिधिभित्र पर्दैन; के कति धितोपत्र दलालको इजाजतपत्र दिने भन्ने नियमनकारी निकाय नेपाल धितोपत्र बोर्डको अधिकारको विषय हो भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भईसकेको छ; निवेदकले जिकिर लिए अनुसार ३ दिनमा नियमावली संशोधन हुँदैमा गलत नियत छ भनी अनुमान गर्न मिल्दैन; नियमावलीहरुमा भएको संशोधनबाट धितोपत्र बजारमा आम मानिसको पहुँचको दायरा फराकिलो बनाउन खोजिएको हो; बजारमा प्रतिस्पर्धा ल्याउन खोजिएको हो; प्रत्येक ३ वर्षमा पुनरावलोकन गरी धितोपत्र दलाल र व्यापारीको अनुमतिपत्र खुला गर्नु भनेको सम्पत्तिको अधिकार विपरीत होइन; अन्तरिम आदेश जारी हुनु पर्ने होइन; निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१३. अब यसमा निवेदन माग बमोजिम धितोपत्र बजार सञ्चालन नियमावली, २०६३ का नियमहरु ११(१), ११ (१क), ११(३), १२(१), १२(२), २२क र २२ग तथा धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ का नियमहरु ३, ४(१) र ४३ लाई संशोधन गर्न ल्याइएका निवेदनमा उल्लिखित संशोधन नियमावलीहरुका प्रावधानहरु अमान्य र बदर घोषित गरी रिट निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन? भन्ने सम्बन्धमा निर्णय गर्नु पर्ने देखियो।

१४. निर्णयतर्फ विचार गर्दा निवेदकले मूलतः धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ र धितोपत्र व्यवसायी (धितोपत्र दलाल र धितोपत्र व्यापारी) नियमावली २०६४ का संशोधित व्यवस्थाहरु मध्ये केही व्यवस्था नेपालको संविधानसँग बाझिएको र केही व्यवस्था धितोपत्र सम्बन्धी ऐनका प्रावधानसँग बाझिएकोले बाझिएका व्यवस्था अमान्य

र बदर गरी संशोधित व्यवस्था बमोजिम भएका कामकारवाही तथा नयाँ धितोपत्र बजार सञ्चालनको अनुमति तथा थप धितोपत्र दलाल र धितोपत्र व्यापारीको अनुमतिपत्रको लागि आवेदन सम्बन्धी मिति २०६९।६।२ को नेपाल धितोपत्र बोर्डको सूचनासमेत बदर गरी पाउँ भन्ने निवेदकको मुख्य जिकिर रहेको देखिन्छ।

१५. **निवेदकले नेपालको संविधानसँग बाझिएको भनि जिकिर लिएको धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ मा भएको दोस्रो संशोधनबाट संशोधित नियमहरु ११(१), ११ (१क), ११(३), १२(१), १२(२), २२क र २२ग** को व्यवस्था हेर्दा उल्लिखित नियमहरुमा धितोपत्र बजारको न्यूनतम चुक्ता पुंजी ५ करोडबाट ३ अर्व रुपैयाँ बनाइएको र हाल सञ्चालनमा रहेको धितोपत्र बजारलाई चुक्ता पुंजी ३ अर्व रुपैयाँ पुऱ्याउन अनिवार्य नहुने; नयाँ धितोपत्र बजारले सञ्चालनमा आएको दुई वर्ष भित्र जारी पुँजीको ३०% शेयर प्रारम्भिक सार्वजनिक निष्कासन गर्नुपर्ने; प्राइभेट कम्पनीले पनि धितोपत्र बजारको शेयर ग्रहण गर्न सक्ने; एउटै कम्पनीले धितोपत्र बजारको कुल शेयर पुँजीको १५% अंश ग्रहण गर्न सक्ने व्यवस्था; धितोपत्र निष्कासन गर्ने संगठित संस्थाले धितोपत्र बजारमा धितोपत्रको सूचीकरण गराउनुपर्ने; नेपाल सरकारको सहमति विना धितोपत्र बजारको कारोबार प्रणालीको सर्भर विदेशमा राख्न पाइने छैन भन्ने व्यवस्था रहेको देखिन्छ। त्यसैगरी विवादित **धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०७९** का नियमहरु ३, ४(१), र ४३ मा धितोपत्र दलाल, धितोपत्र व्यापारीको अनुमतिपत्र दिने सम्बन्धमा धितोपत्र बजारको सिफारिस विना नै धितोपत्र बोर्डले निर्णय गर्न सक्ने, प्रत्येक तीन वर्षमा नयाँ अनुमतिपत्रको लागि माग गर्ने, धितोपत्र बोर्डले अर्थ मन्त्रालयको स्वीकृतिमा अनुसूचीमा हेरफेर गर्ने भन्नेसमेत व्यवस्था रहेको देखिन्छ।

१६. निवेदकले चुनौती दिएका नियमहरुले मूलतः नयाँ दर्ता भई सञ्चालनमा आउने धितोपत्र बजारको पूँजी संरचना, सो मा प्राइभेट कम्पनीको हिस्सा, शेयर स्वामित्वको अधिकतम सिमा, धितोपत्र बजारले जारी गर्ने शेयरको प्राथमिक सार्वजनिक निष्काशन, धितोपत्र दलाल र धितोपत्र व्यापारीको अनुमतिपत्र प्रदान गर्ने प्रकृया सम्बन्धमा व्यवस्था गरेको देखियो। ती व्यवस्थाहरु धितोपत्र सम्बन्धी ऐन, २०६३ को परिधि भित्रका विषय रहेको र ऐनमा भएका व्यवस्थाहरु कार्यान्वयन गर्न नै ऐनको दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नियमहरु बनाइएको देखिन्छ।

१७. संवैधानिक इजलासको अधिकारक्षेत्र भित्र प्रवेश गर्न कुनै कानूनी प्रावधानलाई नेपालको संविधानसँग बाझिएको भनी उल्लेख गर्नु मात्र पर्याप्त हुँदैन। संविधानसँग

CamScanner

बाझिएको भन्ने विषय तथ्यगत एवं वस्तुनिष्ठरुपमा प्रत्यक्षतः देखिनु पर्ने हुन्छ। संविधानले प्रदान गरेको स्वतन्त्रताको हक, समानताको हक, सम्पत्तिको हक जस्ता मौलिक हकहरुलाई अप्रत्यक्षरुपमा नियमावलीका व्यवस्थासँग बाझिएको भनी जोड्दैमा उक्त विषय नेपालको संविधानको धारा १३३(१) अन्तर्गतको विषय भई संवैधानिक इजलासले हेर्ने विषय हुन सक्दैन। कुनै कानून संविधानको प्रावधानसँग बाझिएको भनी उल्लेखमात्र गरी सहजै संवैधानिक इजलासको क्षेत्राधिकार प्रवेश गर्ने प्रवृत्तिलाई अदालतले प्रोत्साहित गर्नु पनि उचित देखिँदैन। प्रस्तुत विवादमा उल्लिखित नियमावलीहरुको व्यवस्था संविधानका मौलिक हकहरुसँग बाझिएको भन्दा पनि धितोपत्र ऐनसँग अनुकुल रहे नरहेको, नेपालमा थप धितोपत्र बजारको आवश्यकता रहे नरहेको, थप धितोपत्र व्यापारी र धितोपत्र दलालको अनुमतिपत्र जारी गर्नु पर्ने नपर्ने भन्ने कुरासँग सम्बन्धित रहेको देखिन्छ।

१८. उल्लिखित सन्दर्भमा निवेदनमा उल्लेख भएका नियमावलीहरुको व्यवस्था नेपालको संविधान र धितोपत्र ऐनसँग अनुकुल रहे नरहेको, नेपालमा थप धितोपत्र बजारको आवश्यकता रहे नरहेको, धितोपत्र व्यवसायीको अनुमतिपत्र जस्ता विषय रहेको निवेदक अधिवक्ता दिपकविक्रम मिश्र तथा प्रत्यर्थीहरु यसै निवेदनका प्रत्यर्थीहरु रहेको ०७९-WO-०३९१ नं. र ०७९-WO-०३९२ नं. का रिट निवेदनहरु यसै अदालतको संयुक्त इजलासमा दायर भई विचाराधिन रहेको भन्ने निवेदनमा सामेल भई प्रतिरक्षा गर्न उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरुको बहसबाट देखियो। सो सम्बन्धमा हेर्दा उक्त निवेदनमा अल्पकालीन अन्तरिम आदेश समेत जारी भई नेपाल धितोपत्र बोर्डको मिति २०७९।६।२ को सूचना बमोजिम नयाँ धितोपत्र बजार सञ्चालनको अनुमति र थप धितोपत्र दलाल र व्यापारीको अनुमतिपत्र प्रदान गर्ने कार्य यथास्थितिमा रहेको भन्ने देखियो।

१९. धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (चौथो संशोधन) नियमावली, २०७९ जारी हुँदा के कस्तो अनुभव, अनुसन्धान र विश्लेषण पश्चात् त्यसको आवश्यकता देखिएको थियो र दुई दिन भित्रै अर्को संशोधन गर्नु पर्ने कस्तो बाध्यता वा अपरिहार्यता देखिन आएको हो भन्ने विषयमा जिज्ञासा अवश्य नै हुनु स्वाभाविक देखिन आउँछ। यो सुशासनसँग सम्बन्धित विषय पनि हो। यस्ता संशोधन आत्मनिष्ठ, कुनै स्वार्थ समूहको पहल, व्यक्तिगत धारणा वा अजमायसी आधारमा हुने होइन, स्वाभाविक आवश्यकता अनुसार वस्तुनिष्ठ एवं समय सापेक्ष हुन आवश्यक हुन्छ भन्ने सम्बन्धमा विवाद हुन सक्दैन। दीर्घकालसम्म देशको आर्थिक क्षेत्रमा प्रभाव पर्न सक्ने

यस्ता विषयमा कुनै व्यक्ति, समूह वा वर्गको प्रभावमा वा स्वार्थ पूर्तिको लक्ष राखी गरिने कुनै पनि यस प्रकृतिका निर्णय वा कार्यहरुको न्यायिक परीक्षण हुन सक्छ। यस्ता निर्णय वा कार्यको औचित्य पुष्टि गर्नु प्रत्यर्थी तथा सम्बन्धित पदाधिकारीहरूको पदिय एवं नैतिक जिम्मेवारीको विषय पनि हो। तथापि यस्ता कार्यको न्यायिक परीक्षण के कुन कानूनी आधारमा हुने र कसले गर्ने भन्ने विषय पनि महत्वपूर्ण हुन्छ। नेपालको संविधानको धारा १३७ ले निर्धारण गरेको क्षेत्राधिकार आवश्यकता र अपरिहार्यताको आधारमा प्रयोग हुन्छ र गर्नु पर्दछ। कुनै पनि विषयलाई तर्कको आधारमा मात्र संवैधानिक इजलासले निर्णयार्थ स्वीकार गर्ने भन्ने हुँदैन। जुन विषय सामान्य इजलासबाट निरुपण हुन सक्ने प्रकृतिको हुन्छ त्यसलाई संवैधानिक इजलासले ग्रहण गरी अदालतको स्रोत साधन समयको लगानी गरी रहनुको औचित्य हुँदैन। एउटै विषयलाई लिएर एक भन्दा बढी रिट निवेदन पेश भई उपचार माग भएको अवस्थामा तथा संवैधानिक इजलास बाहेक अन्य इजलासले समेत न्याय निरुपण गर्न सक्ने अवस्थामा पहिले परेको निवेदनलाई हेरी न्याय सम्पादन गर्नु नै उचित हुन्छ। तसर्थ नियमावली ऐनसँग बाझिएको सम्बन्धी विषय र नेपालमा थप धितोपत्र बजार सञ्चालन तथा थप धितोपत्र दलाल र धितोपत्र व्यापारीको अनुमतिपत्र प्रदान गर्न मिल्ने नमिल्ने सम्बन्धमा संयुक्त इजलासमा विचाराधिन निवेदनहरुबाट नै निर्णयमा पुग्न मनासिब देखिन्छ।

२०. अतः माथिका प्रकरणहरुमा उल्लेख भए अनुसार प्रस्तुत विवादमा निवेदकले नेपालको संविधानसँग बाझिएको भनी उल्लेख गरेका नियमावलीको व्यवस्थाको संवैधानिकता परीक्षण गरी अमान्य र बदर गरीरहन पर्ने देखिन नआएको तथा प्रस्तुत रिट निवेदनमा उठाइएका विषयवस्तुहरुमध्ये नियमावलीका संशोधित व्यवस्था धितोपत्र सम्बन्धी ऐनसँग बाझिएको भन्ने विषय र नेपालमा थप धितोपत्र बजार सञ्चालनको अनुमति तथा थप धितोपत्र व्यवसायीको अनुमतिपत्र प्रदान गर्ने सम्बन्धी विषय यस अदालतको संयुक्त इजलासमा विचाराधिन रहेको निवेदक दीपक विक्रम मिश्र प्रत्यर्थी नेपाल धितोपत्र बोर्ड समेत रहेको ०७९-WO-०३९१ नं. समेतको रिट निवेदनबाट नै सम्बोधन हुने देखिएकोले प्रत्यर्थीहरुबाट लिखित जवाफ मंगाइ रहनु पर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू:

**<u>तपसिलः</u>**

१. रिट निवेदन खारेज हुने ठहरेकाले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १५ को उप-नियम (३) बमोजिम निवेदकले निवेदन

CamScanner

दर्ता गर्दा रसिद नं. ६३७४ मिति २०७९।७।१६ मा यस अदालतमा राखे धरौटी रु. ५०००।- सदर स्याहा गर्नू भनी यस अदालतको लेखा शाखा जानकारी दिनू।

२. प्रस्तुत आदेशको प्रतिलिपि सहित जानकारीका लागि महान्यायाधिवक्त कार्यालयलाई लेखी पठाई दिनू।

३. प्रस्तुत आदेश यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी, निवेदन दायरीको ल कट्टा गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(अनिल कुमार सिन्हा
न्यायाधीश

उक्त रायमा हामी सहमत छौं:

न्यायाधीश न्यायाधीश न्यायाधीश का.मु. प्रधान न्यायाधीश

इजलास अधिकृत : अन्जनराज सापकोटा
कम्प्युटर अपरेटर : हर्क माया राई
इति संवत् २०७९ साल पौष १३ गते रोज ४ शुभम् ..........................................